# प्रदेश लोक सेवा आयोग

**बागमती प्रदेश, हेटौंडा**

**प्रशासन तथा सूचना प्रकाशन शाखा**

**बागमती प्रदेशका मन्त्रालयहरूका विभिन्न सेवा, समूहका अप्राविधिक/प्राविधिक तर्फका पाँचौं तहका पदहरूको**

## ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ७३/०७८-७९ प्रकाशन मितिः२०७८/०९/०९**

**ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन**द्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने अप्राविधिक/प्राविधिक तर्फका पाँचौ तहका देहायका पदहरूका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा (२) बमोजिम सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७८/१०/१३ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट ppsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालय, बागमती प्रदेश, हेटौंडामा बुझाइसक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन । यसरी पर्न आएका दरखास्त फारामहरूलाई आयोगले बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गरिनेछ।

**उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरू**

१. निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ।

२. निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ । दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

४. दरखास्त साथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

५. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ।

६. दरखास्त दस्तुर रु. ७००। - (सात सय) बुझाउनु पर्नेछ।

७. दरखास्त दस्तुर बुझाउने स्थानः राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं. १०००२०००१००००
नेपाल बैंक लिमिटेड, खाता नं. २७२०२००००००१००१००००००१
कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग)
राजश्व शीर्षक नं. १४२२४ मा दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ।

८. प्रदेशका सबै मन्त्रालय/निकाय वा अन्तर्गतका कार्यालयमा कार्यरत एक तह मुनिका सम्बन्धित सेवा, समूह, उपसमूहका स्थायी कर्मचारीहरू बढुवा हुन सक्नेछन् ।

९. विज्ञापन प्रकाशित भएको २१ दिन अर्थात मिति २०७८/०९/२९ गतेसम्म बागमती प्रदेशका विभिन्न मन्त्रालयहरूबाट थप माग आकृति फाराम भरी प्राप्त हुन आएमा विज्ञापन भएका पदहरूमा थपघट गर्न सकिनेछ ।

**ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवा**

| सि. नं. | बढुवा सूचना नं. | पद | सेवा | समूह | उपसमूह | जम्मा माग पद संख्या | मन्त्रालयको नाम | माग पद |
|---|---|---|---|---|---|---|---|---|
| १ | १०/०७८-७९ | सहायक पाँचौं | प्रशासन | सामान्य प्रशासन | | ४ | प्रदेश सभा सचिवालय | १ |
| | | | | | | | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३ |
| २ | ११/०७८-७९ | लेखापाल | प्रशासन | लेखा | | ६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ६ |
| ३ | १२/०७८-७९ | प्राविधिक सहायक | शिक्षा | शिक्षा प्रशासन | | १ | सामाजिक विकास मन्त्रालय | १ |
| ४ | १३/०७८-७९ | कम्प्युटर अपरेटर | विविध | | | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १ |
| ५ | १४/०७८-७९ | प्राविधिक सहायक | कृषि | एगृ. इको. एण्ड मार्केटिङ्ग | | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १ |
| ६ | १५/०७८-७९ | प्राविधिक सहायक | कृषि | बागबानी | | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १ |
| ७ | १६/०७८-७९ | प्राविधिक सहायक | कृषि | मत्स्य | | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १ |
| ८ | १७/०७८-७९ | पशु सेवा प्राविधिक | कृषि | ला.पो.डे.डे. | | २ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २ |
| ९ | १८/०७८-७९ | तथ्याङ्क सहायक | आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | | १ | स्वास्थ्य मन्त्रालय | १ |